# संखुवा सभा समाज युके

कार्यक्रम आयोजक समिती

आदर्णीय सम्पूर्ण संखुवासभाली महानुभावहरु,

बर्तमान अवस्थामा युकेका बिभिन्न ठाउमा बिभिन्न पेशा र क्षेत्रमा सँलग्न तमाम संखुवा सभा जिल्लाबाशिहरु लाई एकै ठाउमा भेट घाट गराइ आपसी संपर्क र सम्बन्ध कायम गराउदै बेलायतको हकमा जुनसुकै परिस्थितीमा पनि एक ढिका गराइराख्ने उदेश्य अनुरुप गत ३१ जुलाई २०१० का दिन संखुवासभा समाजको वार्षिक भेट घाट कार्यक्रम अश्फोड्को सेन्ट साइमान क्याथोलिक चर्चमा भएको सर्बबिदितै छ ।

बेलायतको ब्यस्तताको कारण कतिपय जिल्लाबासी माहानूभावहरु चाहदा चाहदै पनि उपस्थित हुन सक्नुभएन त्यसमा हामी दुखित छौं भने उपस्थित माहानुभावहरुले समय मिलाउनुभै कार्यक्रम्लाई सफल गराउनुभएकोमा संखुवासभा समाज कार्यक्रम आयोजक समिती हार्दिक आभार ब्यक्त गर्दछ ।

माहानूभावहरु, कार्यक्रम पश्चात तुरुन्तै समिक्षात्मक बैठक हुनपर्नेमा समयको ताल्मेल मिल्न नसकेकोले कार्यक्रम सम्बन्धी लेखा जोखा ईमेल  मार्फत जानकारी गराउनेनैछौ । साथै सबै क्षेत्रबाट जानकारीमा आएअनुसार कार्यक्रम पूर्णरुपमा सफल रहेको कुरा पनि अवगत गराउन चाहन्छौ ।

आगामी दिनहरुमापनी यसरीनै सम्पूर्ण जिल्लावासी महानूभावहरु बाट पूर्णरुपमा सहभागिता र सहयोगको अपेक्षाका साथ 'हाम्रो संस्था हाम्रै हित' को भावना जाग्रित हुनेछ भन्ने आशा राख्दछौ ।